गाउँ कार्यपालिकाको बैठक    औ

मिति २०८२/०१/२५

समयः विहान ७:०० बजे

आज मिती २०८२/०१/२५ गते यस टेम्केमैयुङ गाँउपालिकाका अध्यक्ष श्री सरोज वस्नेतको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्न बमोजिमका सदस्यहरुको उपस्थितिमा देहायका प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

<u>उपस्थीती</u>

| | |
|---|---|
| श्री सरोज वस्नेत | गा.पा. अध्यक्ष |
| श्री रमादेवी राई | गा.पा. सदस्य |
| श्री नर बहादुर राई | गा.पा. सदस्य |
| श्री बाल चन्द्र राई | गा.पा. सदस्य |
| श्री पूर्णप्रसाद राई | गा.पा. सदस्य |
| श्री हर्कराज राई | गा.पा. सदस्य |
| श्री सुनिल राई | गा.पा. सदस्य |
| श्री सूर्यप्रसाद नेपाल | गा.पा. सदस्य |
| श्री वाल वहादुर खड्का | गा.पा. सदस्य |
| श्री कृष्ण बहादुर बाँनिया | गा.पा. सदस्य |
| श्री नभराज माङ्गपाहाङ्ग | गा.पा. सदस्य |
| श्री मकना देवी चर्मकार | गा.पा. सदस्य |
| श्री ईन्दिरा घिमिरे राई | गा.पा. सदस्य |
| श्री सावित्रा फुयल | गा.पा. सदस्य |
| श्री सन्तोष राई | गा.पा. सदस्य |
| श्री कल्पना परियार | गा.पा. सदस्य |
| श्री अदित दाहाल | प्रमुख प्रशासकीय अधिकृत |

श्री गंगा वहादुर तामाङ                    का.वा. वडा अध्यक्ष वडा नं. ८

बैठक समन्वय सहयोगी

ईन्जिनियर श्री रामकुमार तामाङ

सूचना प्रविधि अधिकृत श्री धिराज बस्नेत

अधिकृत छैटौं श्री गणेश प्रसाद धिमाल

प्राविधिक सहायक श्री राजन ढकाल

लेखा शाखा प्रमुख श्री अर्जुनजंग बस्नेत

प्राविधिक श्री जितेन्द्र अधिकारी

योजना शाखा श्री लिला प्रसाद पराजुली

प्रस्तावहरु

१) अघिल्लो कार्यपालिका बैठक समिक्षा सम्वन्धमा ।
२) करार कर्मचारी नियुक्ति सम्बन्धमा।
३) खानेपानी मुहान दर्ता सम्बन्धमा।
४) कर्मचारी अवकाश सम्वन्धमा ।
५) सुम्निमा हाइड्रोपावरको क्रसर संचालन अनुमती सम्बन्धमा।
६) जगगा प्राप्ति/खरिद सम्बन्धमा।
७) साना सिंचाई कार्यक्रम सम्बन्धमा।
८) राष्ट्रिय चित्रकला कार्यशाला सम्वन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १. अघिल्लो कार्यपालिका बैठक समिक्षा सम्वन्धमा ।**

अघिल्लो कार्यपालिकाको बैठकवाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाको बारेमा समिक्षा गरियो ।

**निर्णय नं. २ करार कर्मचारी नियुक्ति सम्बन्धमा।**

यस गाउँपालिका अन्तर्गत वडा कार्यालय र स्वास्थ्य चौकीमा रिक्त रहेको कार्यालय सहयोगी पदहरुमा विज्ञापन आहान गरि करार प्रकृयावाट कर्मचारी नियुक्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ खानेपानी मुहान दर्ता सम्बन्धमा।**

यस गाउँपालिका अन्तर्गत देहायका वडाबाट खानेपानी तथा सरसफाई उपभोक्ता समितिबाट समिति र मुहान दर्ताका लागि कागजात पेश भई ३५ दिने दावी विरोधको सूचना समेत प्रकाशन भएकोमा उल्लेखित मिति सम्ममा कहि कतैबाट पनि दावी विरोध तथा उजुर वाजुर नपरेको हुँदा तपशिलका उपभोक्ता समितिलाई नियमानुसार दर्ता गरि प्रमाण पत्र उपलब्ध गराउने निर्णय गरियो।

**तपशिल;**

१ श्री दानावोटे टोल खानेपानी योजना उपभोक्ता समिति वडा नं. ८

२ श्री च्यानडाँडा खोङटाङ चोक खानेपानी आयोजना उपभोक्ता समिति वडा नं. ४

३ श्री सभा खानेपानी उपभोक्ता समिति वडा नं. १

**निर्णय नं. ४ कर्मचारी अवकाश सम्वन्धमा ।**

यस गाउँपालिका अन्तर्गत वडा नं. ४ नागिमा विगत लामो समय देखि अविच्छिन्न रुपमा कार्यरत कार्यालय सहयोगी श्री बलराम घिमिरे उमेरहदका कारण अवकाश हुने भएकोले निजले गरेको कार्यसम्पादनको उच्च सम्मान गर्दै गाउँपालिकाबाट कानून निर्माण गरी निजले पाउने सेवा सुविधा रकम कर्मचारी कल्याण कोष शिर्षकवाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५ सुम्निमा हाइड्रोपावरको क्रसर संचालन अनुमती सम्बन्धमा।**

सुम्निमा हाइड्रोपावर कम्पनी प्रा लि ले यस गाउँपालिका अन्तर्गत वडा नं १ तिम्मामा निर्माण गर्ने माथिल्लो पिखुवा हाइड्रोपावर आयोजना र पिखुवा पशुपति हाइड्रोपावर आयोजना संचालन गर्नका लागि क्रसर प्लान्ट लगायत ट्रान्फर्मर र क्याप राख्न अनुमति माग भै आएकोले सो आयोजना संचालनका लागि आवश्यक पर्ने आधिकारीक कागजात, सम्वन्धित निकायहरुको अनुमतिपत्र लगायत अन्य आवश्यक कागजातहरु सहित गाउँपालिकामा निवेदन पेश भएको अवस्थामा स्थलगत अध्ययन गरि आयोजना अवधिभर र सो आयोजनामा मात्र प्रयोग हुने गरि क्रसर प्लान्ट संचालनका लागि अनुमति दिने निर्णय गरियो ।

२०८२/०१/२५

कल्पना

**निर्णय नं. ६ साना सिंचाई कार्यक्रम सम्बन्धमा।**

आ व २०८२/८३ मा यस गाउँपालिकामा संचालन हुने साना सिँचाई योजनाको लागि आवश्यक पर्ने लागत अनुमानको २० प्रतिशत बजेट विनियोजन गर्ने प्रतिबद्धता जाहेर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ जग्गा प्राप्ति/खरिद सम्बन्धमा।**

यस गाउँपालिका अन्तर्गत वडा नं ३ निवासी श्री राममुनी राईले गाउँपालिकालाई कभर्डहल निर्माण कार्यका लागि आवश्यक पर्ने जग्गा साविक अन्नपूर्ण -३ कि नं २५९ को क्षेत्रफल ११-०-१-३ भएको मध्ये क्षेत्रफल १-८-०-० निःशुल्क रुपमा उपलब्ध गराउने मन्जुरीनामा दिइएको हुँदा उक्त जग्गा प्राप्तिको लागि आवश्यक प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ८ राष्ट्रिय चित्रकला कार्यशाला सम्वन्धमा ।**

पर्यटन वोर्ड नेपालवाट मुन्दुम ट्रेल कलाप्रर्दशनी तथा महोत्सव शिर्षकमा रकम विनियोजन भै आएको साथै उक्त शिर्षकमा यस गाउँपालिकाको तर्फवाट थप लागत साझेदारीमा राष्ट्रिय चित्रकला कार्यशाला यहि मिति २०८२ साल जेष्ठ २ देखि ५ गते सम्म यस गाउँपालिकामा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ साना सिंचाई कार्यक्रम सम्बन्धमा।

आ व २०८२/८३ मा यस गाउँपालिकामा संचालन हुने साना सिँचाई योजनाको लागि आवश्यक पर्ने लागत अनुमानको २० प्रतिशत बजेट विनियोजन गर्ने प्रतिबद्धता जाहेर गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ जग्गा प्राप्ति/खरिद सम्बन्धमा।

यस गाउँपालिका अन्तर्गत वडा नं ३ निवासी श्री राममुनी राईले गाउँपालिकालाई कभर्डहल निर्माण कार्यका लागि आवश्यक पर्ने जग्गा साविक अन्नपूर्ण -३ कि नं २५९ को क्षेत्रफल ११-०-१-३ भएको मध्ये क्षेत्रफल १-८-०-० निःशुल्क रुपमा उपलव्ध गराउने मन्जुरीनामा दिइएको हुँदा उक्त जग्गा प्राप्तिको लागि आवश्यक प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ८ राष्ट्रिय चित्रकला कार्यशाला सम्वन्धमा ।

नेपाल पर्यटन वोर्डबाट मुन्दुम ट्रेल कलाप्रर्दशनी तथा महोत्सव शिर्षकमा रकम विनियोजन भै आएको साथै उक्त शिर्षकमा यस गाउँपालिकाको तर्फवाट थप लागत साझेदारी तथा नेपाल ललित कला प्रज्ञा-प्रतिष्ठानको समन्वयमा राष्ट्रिय चित्रकला कार्यशाला यहि मिति २०८२ साल जेष्ठ २ देखि ५ गते सम्म यस गाउँपालिकामा संचालन गर्ने निर्णय गरियो साथै उक्त कार्यक्रम सञ्चालनका लागि देहायका पदाधिकारीहरु रहेको समन्वय तथा व्यवस्थापन समिति गठन गर्ने निर्णय पारित गरियो ।

देहायः

१ संयोजक- नभराज माङ्पाहाङ्ग - ९ नं. वडा अध्यक्ष

२ सदस्य- सुनिल राई- ५ नं. वडा अध्यक्ष

३ सदस्य- पूर्ण प्रसाद राई- ३ नं. वडा अध्यक्ष

४ सदस्य- हर्कराज राई- ४ नं. वडा अध्यक्ष

५ सदस्य- नर बहादुर राई- १ नं. वडा अध्यक्ष